
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन १३ गते आइतबार ❑ 25 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## तीन करोडभन्दा कम लागतका योजना प्रदेश र स्थानीय तहमा पठाउँछौँ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १२ फागुन

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले तीन करोडभन्दा कम लागतका योजना सङ्घमा नराखी प्रदेश र स्थानीय तहमा पठाइने बताउनुभएको छ ।

माओवादी केन्द्रको शनिबारसिंहदरबारमा भएको संसदीय दलको बैठकमा प्रधानमन्त्रीले सङ्घीयतालाई बलियो बनाउन वित्तीय हस्तान्तरणमा जोड दिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "कनिका छरे जसरी बजेट निर्माण गर्दा विकास र समृद्धि हासिल गर्न सकिँदैन । अलि रणनीतिक महत्वका योजना मात्र सङ्घमा राख्छौँ । तीन करोडभन्दा कम लागतका साना योजना प्रदेश र स्थानीय तहले नै सञ्चालन गर्छन्, बजेटको क्षेत्र तोकेर पठाइन्छ, आयोजना छनोटको अधिकार प्रदेश र स्थानीय तहलाई प्रदान गरिन्छ ।" नयाँ योजना धेरै नथपीकन पूरा हुन बाँकी पुराना योजनामा बजेट विनियोजन गरिने उहाँले बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "खर्च गर्न नसकिने शीर्षकमा बजेट थुपार्ने, अत्यावश्यक आयोजनामा बजेटका अभाव हुने बेथिति अन्त्य गर्नुपर्छ । पुराना योजना सम्पन्न गर्न सरकारले हरसम्भव प्रयत्न गर्नेछ ।"

प्रधानमन्त्रीले बालकुमारी घटनाको प्रतिवेदन आफूले प्राप्त गरिसकेको र अध्ययनकै क्रममा रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बालकुमारी घटनाको प्रतिवेदन अध्ययन गरेर निर्णय गरिन्छ । सरकारले आयोग बनाएर छानबिन गर्ने निर्णय गरेको हो, प्रतिवेदन अध्ययनको प्रक्रियामा छ । अध्ययनपश्चात् आवश्यक निष्कर्षमा पुग्छौँ । यो सरकारको क्षेत्राधिकार हो । प्रतिपक्षले राजनीतिक संस्कार देखाउनुपर्छ ।" अब हुने मन्त्रिपरिषद् बैठकपछि सरकारका तर्फबाट संसद्मा विधेयकहरू प्रस्तुत गरिने भएकाले ती विधेयक पारित गराउन सांसदहरूलाई प्रधानमन्त्रीले आग्रह गर्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "अबको 'क्याबिनेट'मा छलफल गरेर संसद्मा विधेयकहरू पेस गर्ने सरकारको तयारी छ, विधेयकहरू पारित गराउन तपाईंहरू प्रभावकारी भूमिका निर्वाह गर्नूस् ।" बैठकमा नेपाल सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटबारे सांसदहरूलाई अभिमुखीकरण गर्ने कार्यसूची छ ।

## मनाङमा घर भत्किँदा एकको मृत्यु, सातको उद्धार

**रासस**
मनाङ, १२ फागुन

मनाङमा शनिबार एउटा घर भत्किँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गोरखा धार्चे गाउँपालिका-६ का अन्दाजी ३७ वर्षीय बीरबहादुर घले रहेको प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले जानकारी दिनुभयो ।

डिस्याङ गाउँपालिका-४ मनाङ गाउँका कान्छा गुरुङको घर मर्मतका क्रममा माटोले पुरिएर घलेको मृत्यु भएको हो । घर मर्मत गर्ने नौ जना कामदारमध्ये सात जनाको सकुशल उद्धार गरिएको छ भने एक जना सामान्य चोट लागेको प्रमुख जिल्ला अधिकारी लामिछानेको भनाइ छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको भान्सा रहेको सो घर हिमपातपछि पानी चुहिने समस्या देखिएको थियो ।

उहाँले भन्नुभयो, "केही दिनअघिको भारी हिमपातपछि घरमा पानी चुहिने समस्या देखिएको रहेछ । सो मर्मतका क्रममा घर भत्किएको हो । घलेको माटोले च्यापिएर मृत्यु भएको जानकारी प्राप्त भएको छ ।" माटोले पुरिएका कामदारको नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतका सुरक्षाकर्मीको सहयोगमा उद्धार गरिएको थियो ।

मृतक घलेको शव पोष्टमार्टमका लागि चामे पठाइएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "माटोले पुरिँदा एक जनाको टाउकोमा सामान्य चोट लागेकोमा प्राथमिक उपचार गरिएको छ भने अन्यको सकुशल उद्धार गरिएको छ ।" उहाँका अनुसार घरमा हिउँ बढी जमेपछि पानी चुहिने समस्या देखिएको थियो ।

## तनहुँका १९ हजार बालबालिकालाई दादुरा रुबेला खोप

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ फागुन

तनहुँका १९ हजारभन्दा बढी बालबालिकालाई दादुरा रुबेला विरुद्धको खोप लगाइने भएको छ । स्वास्थ्य कार्यालय तनहुँले आगामी फागुन १५ गतेदेखि २७ गतेसम्म जिल्लाका १० वटै पालिकाका १९ हजार एक सय ३३ जना बालबालिकालाई खोप लगाउन लागेको हो ।

जिल्लामा दुई चरणमा खोप अभियान सञ्चालन गरिने स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । पहिलो चरणमा फागुन १५ गतेदेखि १९ गतेसम्म व्यास नगरपालिका, देवघाट गाउँपालिका,बन्दीपुरगाउँपालिका, आँबुखैरेनी गाउँपालिका र म्याग्दे गाउँपालिकामा खोप अभियान सञ्चालन हुनेछ । दोस्रो चरणमा फागुन २२ गतेदेखि २७ गतेसम्म भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकामा खोप अभियान सञ्चालन गरिनेछ ।

खोप अभियानका लागि जिल्लाका दुई सय ३८ खोप केन्द्रमा दुई सय ३८ स्वास्थ्यकर्मी, चार सय ६६ स्वयंसेवक र प्रत्येक पालिकामा एक जना चिकित्सक सहभागी हुने अधिकारीले बताउनुभयो । समुदायमा दादुरा रुबेला रोगविरुद्ध उच्च क्षमता शक्ति विकास गर्न र कन्जेनिटल रुबेला सिण्ड्रमको सङ्ख्यामा उल्लेख कमी ल्याइ यसबाट हुने अपाङ्गता र मृत्युदरलाई शून्य अवस्थामा पुर्‍याउन अभियान सञ्चालन गर्न लागिएको हो ।

खोपको पहुँचबाट बाहिर रहेका बालबालिकालाई खोपको पहुँचमा ल्याउन जिल्लाका प्रत्येक स्वास्थ्य संस्थामा प्रत्येक महिना संस्थागत खोप केन्द्र, साविकका गाविसको वडामा कम्तीमा तीनदेखि पाँच वटा केन्द्रबाट प्रत्येक महिना बाह्य खोपकेन्द्र, गाउँपालिका र नगरपालिकाको स्वास्थ्य संस्थाका पकड क्षेत्रभित्र रहेका पहुँचबाट टाढा भएका बस्ती, समुदाय र भौगोलिक क्षेत्रमा कम्तीमा वर्षको चार पटक खोप केन्द्र स्थापना गरी खोप सेवा प्रदान गरिएको छ । दादुरा र रुबेला दुवै रोग भाइरसबाट हुने र यसले महामारीको रुप लिन सक्ने भएकाले खोप लगाउनुपर्ने स्वास्थ्यकर्मीको भनाइ छ । खोप अभियान सञ्चालनका लागि जिल्लामा स्वास्थ्यकर्मीलाई तालिम, जिल्लास्तरमा अभिमुखीकरण, सबै पालिकामा अभिमुखीकरण सम्पन्न भइसकेको कार्यालयले जनाएको छ ।

कार्यालयले अभियानकै क्रममा सबै घरधुरीमा सन्देशमूलक कार्ड वितरण गर्ने भएको छ । नियमित खोप लगाउन छुटेका बालबालिकालाई खोपको पहुँचमा ल्याउन सन्देशमूलक कार्ड वितरण गर्न लागिएको हो । "अझै पनि खोपबाट बालबालिका वञ्चित रहेकोले उनीहरुलाई खोपको पहुँचमा ल्याउन निमन्त्रणा कार्ड बाँड्ने तयारी गरेका छौँ", अधिकारीले भन्नुभयो, "कार्ड वितरणपछि छुटेका बालबालिका खोपको पहुँचमा आउने विश्वास गरिएको छ ।"

## पोखरामा अटोवेजले ल्यायो एथर स्कुटर

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



पोखराको अटोवेज प्रा.लि.ले एथर इलेक्ट्रिक स्कुटर पोखरा बजारमा ल्याएको छ । आटोवेज प्रा. लि ले भारतीय इलेक्ट्रीक स्कुटर कम्पनी एथर इनर्जीका उत्पादन एथर स्कुटरको आधिकारीक बिक्रेताका रुपमा रहेको छ ।

बैद्य अर्गनाइजेशनको सहायक कम्पनी 'बैद्य इनर्जी'ले भारतीय इलेक्ट्रीक स्कुटर कम्पनी एथर इनर्जीका उत्पादन नेपालमा बिक्री सुरु गरेसंगै काठमाडौँ र ललितपुर पछि पोखराको नयाँबजारस्थित अटोवेजले यस क्षेत्रको आधिकारिक बिक्रेताका रुपमा उक्त स्कुटर पोखरामा ल्याएको हो । भारतको चर्चित इलेक्ट्रीक स्कुटर पछिल्लो समय नेपाली बजारमा माग बढिरहेको छ । पोखरामा पहिलो डिलरसंगै सेर्भिस स्टेशन पाउनुको साथै दुई चार्जिङ स्टेशन पहिले नै स्थापित भएका छन्, जुन आटोवेज भवन केन्द्रमा र लेकसाइड केन्द्रमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## हेमजा साहित्य प्रतिष्ठानमा स्रष्टा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



हेमजा साहित्य प्रतिष्ठान नेपालले अन्तर्राष्ट्रिय मातृभाषा दिवसको सन्दर्भ पारेर विविध कार्यक्रम सम्पन्न गरेको छ ।

संस्थाले शनिवार स्रष्टा सम्मान, पुरस्कार वितरण तथा २४६ औं शुभप्रभात काव्यमाला एकै साथ सम्पन्न गरी उक्त दिवस मनाएको हो ।

कार्यक्रमका प्रमुख अतिथि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज असम भारतकी सचिव नीता गुरुङ भाटियाले हरेक सन्तान सदा सत् कर्ममा लाग्नुपर्नेमा जोड दिइन् । उनले आफूँले गरेका सत् तथा असत् दुवै कर्मका पहिलो भागिदार बाबुआमा हुने भएकाले शिर उचो राख्ने काम गर्नुपर्नेमा जोड दिँदै स्रष्टा साधकलाई राष्ट्रका असल सन्तानका रूपमा चित्रित गरिन् ।

प्रतिष्ठानको रजत वर्ष सम्मानप्रति आभार व्यक्त गर्दै उनले उक्त सम्मान आफ्नो साहित्ययात्रामा अविस्मरणीय पहिचान बनेर बस्ने बताइन् ।


अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टर सदस्य दुर्गाबहादुर शाह बाबाले हेमजा हरेक क्षेत्रले पृथक पहिचान बोकेको स्थान भएको चर्चा गर्दै मातृभाषा दिवसका सन्दर्भमा यसरी नेपाली भाषी भारतीय साहित्यकारलाई हेमजामा बोलाएर मर्म अनुसारको स्तुत्य कर्म गरेको बताए ।

स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमले भाषा साहित्यको श्रीवृद्धिका लाग्छौं भन्नेहरू कुष्ठा र अहम्को भरियावादबाट माथि उठ्न नसक्दा साहित्यको श्रीवृद्धि असली रूपमा हुन नसकेकोमा चिन्ता व्यक्त गरे । गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले असम निवासी नेपालीभाषी साहित्यकारको हेमजा आगमनले प्रतिष्ठानका रजतवर्षका गतिविधिले थप उचाइ लिने बताए । कार्यक्रममा संस्थाका संस्थापक सचिव कोविदशरण उपाध्याय, उपाध्यक्ष सुनिल गायक, सचिव परशुराम अधिकारीलगायतले मन्तव्य राखेका थिए ।

सोही समारोहबीच प्रतिष्ठानले १२२ औं सम जयन्तीको अवसरमा आयोजना गरेको माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिताको पुरस्कासमेत अर्पण गरेको छ ।

उक्त प्रतियोगितामा केफ माविकी मुस्कान पोखरेल, धवलागिरि बोर्डिङका एलिस सुवेदी, श्री अम्बिका माविका रोजी भण्डारी र धवलागिरि बोर्डिङ्की एलिना अधिकारीले क्रमशः प्रथम, द्वितीय, तृतीय र चतुर्थ स्थान प्राप्त गर्न सफल भएका थिए । प्रतियोगिता संयोजक भानुभक्त अविरलले विद्यार्थीमा रहेको अन्तरनिहित प्रतिभाको प्रस्फुटनका लागि प्रतिष्ठानले तत्स्थानीय शीर्षकसहितको निबन्ध लेखन प्रतियोगिता राखेको बताए । उनले प्रतियोगितामा विभिन्न विद्यालयका ११ जना विद्यार्थी सहभागी भएकामा अन्य विद्यार्थीलाई सहभागिता प्रोत्साहन पुरस्कारसमेत प्रदान गरिएको जानकारी दिए ।

कार्यक्रममा डा अनिल थापा, गंगा त्रिपाठी, षष्टिवल्लभ तिवारी, सौगात विक, संगम गायक, असिम गायकलगायतले रचनावाचन गरेका थिए । यस्तै, गण्डकी प्रज्ञा-प्रतिष्ठानको एकमहिने सारंगी प्रशिक्षण प्राप्त विद्यार्थी भाइबहिनीबाट सारङ्गीमा राष्ट्र्गानसहित कार्यक्रम शुभारम्भ गरिएको थियो ।



# विद्यालयस्तरीय क्रिकेट: सगरमाथा र अमरसिंहको जित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

पोखरा कप विद्यालयस्तरीय क्रिकेट प्रतियोगितामा सगरमाथा माध्यमिक विद्यालय र अंमरसिंह माध्यमिक विद्यालय विजयी भएका छन् ।

बि–बग इभेन्ट्सको आयोजनामा र एक्स्पर्ट एजुकेसन एण्ड भिजा पोखराको प्रायोजनमा पोखरा रंगशालाको क्रिकेट मैदानमा जारी प्रतियोगिताको चौथो दिन शनिबार सगरमाथाले कुमुदिनी होम्स माध्यमिक विद्यालय र अमरसिंह माविले एसओएस हर्मन माइनर विद्यालय गण्डकीलाई पराजित गरेका हुन् ।

पहिलो खेलमा सगरमाथाले कुमुदिनी होम्सलाई २१८ रनको फराकिलो अन्तरले पराजित गरेको थियो । सगरमाथाले दिएको दिएको ३०२ रनको विजयी लक्ष्य कुमुदिनी होम्स निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ८३ रनमा समेटिएको हो । कुमुदिनी होम्सका लागि अनन्त सुवेदीले १६ र समिप दासले १४ रन बनाउनुबाहेक अन्य ब्याटरले राम्रो रन बनाउन सकेनन् । बलिङमा सगरमाथाका सत्यजित शर्मा र किर्बिन श्रेष्ठले २/२



विकेट लिए ।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको सगरमाथाले किर्बिन श्रेष्ठको दोहोरो शतकको मद्दतमा निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै ३०१ रन बनाएको थियो । किर्बिनले ७४ बलमा शानदार दोहोरो शतक प्रहार गरेका थिए । उनी २०४ बलमा अविजित रहे । मोहमम्द मियाले ५७ रनको योगदान दिए। बलिङमा कुमुदिनी होम्सका लक्की गुप्ताले २ र संकल्प पौडेलले एक विकेट लिए। दोहोरो शतक प्रहार गरेका किर्बिन प्लेयर अफ द म्याच बने।

शनिबार नै भएको दोस्रो खेलमा अमरसिंह माविले एसओएस गण्डकीलाई ८ विकेटले पराजित गरेको हो । एसओएस गण्डकीले दिएको ९८ रनको लक्ष्य अमरसिंहले ११ ओभर ५ बलमा ३ विकेट गुमाएर पूरा गऱ्यो । अंमरसिंहका सुमन पन्तले ३६, विमोचन सापकोटाले २२ र कल्यान कुमालले १९ रन बनाए । बलिङमा एसओएस गण्डकीका कपिल पौडेलले एक विकेट लिए । यसअघि पहिला ब्याटिङ गरेको एसओएस गण्डकीले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ९७ रन बनाएको थियो । एसओएस गण्डकीका कपिल पौडेलले अविजित ४४ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरा अंकमा रन बनाउन सकेनन् । बलिङमा अमरसिंहका सुस्मत गौतमले सर्वाधिक २ विकेट लिए । खेलको लेयर अफ द म्याच अंमर सिंहका सुमन पन्त घोषित भए । प्रतियोगितामा कास्कीका १२ विद्यालयले सहभागी छन् । प्रतियोगिताका विजेताले ८० हजार रुपैयाँ बराबरको क्रिकेट किट र उपविजेताले ४० हजार रुपैयाँ बराबरको क्रिकेट किटसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

पोखरा रंगशालामा जारी पोखरा कप विद्यालय स्तरीय क्रिकेट प्रतियोगितामा छक्का आएको बललाई क्याच गर्ने दर्शकलाई पुरस्कार दिने भएको छ । पोखरा रंगशालाको क्रिकेट मैदानमा जारी प्रतियोगितामा खेलाडीले प्रहार गर्ने प्रत्येक छक्का क्याच गर्ने दर्शकलाई पुरस्कार दिने प्रतियोगिता संयोजक उदीप ढुंगानाले जानकारी दिए ।

दर्शकलाई क्याच गरेवापत प्रत्येक क्याचको एक हजार प्रदान गरिने ढुंगानाले सुनाए । फागुन ९ गतेबाट सुरु भएको प्रतियोगिता १६ गतेसम्म चल्नेछ । प्रतियोगितामा कास्कीको १२ विद्यालयले सहभागिता जनाएका छन् ।

प्रतियोगिताका विजेताले ८० हजार रुपैयाँ बराबरको क्रिकेट किट र उपविजेताले ४० हजार रुपैयाँ बराबरको क्रिकेट किटसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

# प्राचीन मौलिक संस्कृतिको जगेर्नाका लागि भजन चुड्का

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

प्राचीन मौलिक संस्कृतिको जगेर्नाको उद्देश्यका साथ पोखरा महानगरपालिका वडा नं २६ सक्नेरीमा यही फागुन १९ गते भजन चुड्का प्रतियोगिता गरिने भएको छ ।

स्थानीय लोक सांस्कृतिक संरक्षण समिति र उज्वल आमा समूहको संयुक्त आयोजनामा भजन चुड्का प्रतियोगिता गर्न लागिएको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मूल आयोजक समितिका संयोजक एवम् लोक सांस्कृतिक संरक्षण समितिका अध्यक्ष जगन्नाथ तिमल्सिनाले जानकारी दिनुभयो । संरक्षणको अभावमा मौलिक संस्कृतिहरू हराउँदै समाजमा विकृति विसंगति बढ्दै गएको वास्तविकतामा मौलिक संस्कृतिको जगेर्ना र उत्थानलाई जोड दिइएको



उज्वल आमा समूहका अध्यक्ष सरस्वती गौतमले बताउनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने समूहलाई क्रमशः २५ हजार, १५ हजार, १० हजार र पाँच हजार रुपैयाँ नगद सहित प्रमाणपत्र प्रदान गरिने पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

प्रतियोगितामा आर्थिक सहयोगका लागि विभिन्न निकायमा प्रस्ताव पेश गरिएको जानकारी गराउँदै संयोजक तिमल्सिनाले कुल पाँच लाख ५५ हजार रुपैयाँ संकल हुने अपेक्षा गरिएको बताउनुभयो । प्रतियोगितामा तीन लाख ७० हजार रुपैयाँ खर्च हुने र बचत रकम स्थानीय संस्कृति, रितिरिवाजको संरक्षण एवम् सामाजिक काममा खर्च गरिने उहाँले जानकारी दिनुभयो ।

पत्रकार सम्मेलनमा उज्वल आमा समूहका उपाध्यक्ष शारदादेवी बराल, सचिव तारा शर्मा लगायतले लोक सांस्कृतिक संरक्षण समिति र उज्वल आमा समूहको सहकार्यमा ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन लगायत विभिन्न सामाजिक काममा जोड दिइएको जानकारी गराउनुभयो ।

# मन क्षेत्रीको नेतृत्वमा गजल सन्ध्या पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

नेपाली गजलको उन्नयन र विकासका लागि विभिन्न गतिविधि गर्दै आएको गजल सन्ध्या पोखरा नेपालको नयाँ नेतृत्व चयन भएको छ ।

गजल सन्ध्याको १३ औं अधिवेशन तथा १८ औं साधारण सभाले पूर्वअध्यक्ष मन क्षेत्रीको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति निर्वाचित गरेको हो । पदाधिकारी र सदस्यमासमेत पूर्वअध्यक्ष र सचिव फेरि सम्मिलत भएर गजल सन्ध्या पुनर्गठित भएको छ । समितिको उपाध्यक्षमा कपिल शर्मा र सचिवमा उदीपराज ढुंगाना छन् । दुबै सन्ध्याको पूर्व अध्यक्ष थिए । कोषाध्यक्षमा यसअघिका सदस्य विष्णु सुवेदी र सहसचिवमा सावित्री गिरी चयन भएका छन् । सदस्यहरुमा पूर्वसचिव लक्ष्मण तिमिल्सिना, सदस्य माधव खतिवडा, सागर अधिकारी र करण कपुर खनाल छन् । नवनिर्वाचित अध्यक्ष क्षेत्रीले सन्ध्याको गरिमा र उचाईलाई कायम राख्दै सबैलाई समेट्दै जाने बताए । 'पोखरेली साहित्यमा गजल सन्ध्याको अहम् भूमिका छ । म फेरि गजलको त्यही



राजमार्गमा आइपुगेको छु, जहाँ म हिजो पनि हिँडेको थिएँ र अहिले पनि हिँडिरहेकै छु,' मनले भने, ' अग्रज, समकालीन र नयाँ पुस्तालाई जोड्दै सन्ध्यालाई अगाडि बढाउँदै जान सहयात्रा गर्ने छौं ।' यसअघि वसन्त विनोद सन्ध्याका अध्यक्ष थिए । अधिवेशनको उद्घाटन सत्रमा गजलको अघोषित पाठशाला बनेको सन्ध्याको गतिविधि शून्यप्राय बन्न पुगेको भन्दै पूर्वअध्यक्ष दीपक समीपले चिन्ता व्यक्त गरे । 'मैनबत्ति बालेर गजल वाचनका कार्यक्रम हुन्थे, वाचन गर्न प्रतिस्पर्धा चल्थ्यो । गजल सन्ध्याको गतिविधिले अन्य संस्था पनि छाँयामा थिए,' समीपले भने, 'आज सन्ध्याका उपस्थिति कमजोर बन्न पुगेको छ, फेरि उचाईमा पुगोस् ।' संस्थापक अध्यक्ष दिलिप दोषीले लडेर, जुधेर त्यो बेला सन्ध्या स्थापना गरेको र स्थापनाकालीन पदाधिकारी तथा सदस्यहरु पछिल्लो समय नजोडिएको बताए । पूर्व अध्यक्ष अमृत सुवेदीले हिजो खल्तीबाट पैसा हालेर कार्यक्रम चलाउनुपर्ने, पुरस्कार बाँड्नुपर्ने परि स्थितिको अन्त्य गर्दै कोष स्थापना गरिएको तर अब फेरि सन्ध्यालाई व्यवस्थित ढंगले चलाउनुपर्ने चुनौति थपिएको बताए ।

पूर्वअध्यक्ष रुपिन्द्र प्रभावी संयोजक, संस्थापक अध्यक्ष दिलिप दोषी र सदस्य रामजीप्रसाद आचार्य सदस्य रहेको निर्वाचन समितिले सर्वसम्म कार्यसमितिको घोषणा गर्दै सपथ गराएको हो । शनिबार नै सन्ध्याको २ सय ४८ औं नियमित गजल वाचनसमेत भएको थियो ।

# पोखरामा ...

रहेका छन् । थप दुई चार्जरहरू शीघ्र सञ्चालन गरिने वैद्य एनर्जीको प्रमुख कार्यकारी अधिकृत सुर्यंश वैद्यले जानकारी दिए । उनले भने, “हामी आटोवेज प्रा. लि. संग सहकार्य गरि एथेर एनर्जीलाई सहकार्य गरि एथेर एनर्जीलाई पोखरामा ल्याउन उत्साहित छौं ।” एथरको सफल मोडल ‘४५० एक्स’ दुई फरक ब्याट्री अप्सनमा नेपालमा उपलब्ध हुनेछ । जसमा २.९ किलोवाट आवर र ३.७ किलोवाट आवरको दुई ब्याट्री रहने छन् । ग्राहकले आफ्नो आवश्यकता अनुसारको भर्सन छनोट गर्न सक्नेछन् ।

एथर ‘४५० एक्स’ अविश्वसनिय फिचरको कारण चर्चामा रहेको इलेक्ट्रीक स्कुटर हो । यसमा पार्किङ एसिस्ट, अटो होल्ड, फलसेफ, गुगल म्याप जोडिनुका साथै ७ इन्चको टीएफटी डिस्प्ले जस्ता फिचर उपलब्ध छन् । यसको टप स्पीड ९० किलोमिटर प्रतिघन्टा रहेको जनाइएको छ ।

# सर्वेश्वर मार्गका होलसेल व्यवसायीले सिधै चीन, थाईल्याण्ड र भारतबाट सामान ल्याएर बेच्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

पोखराको सर्वेश्वर मार्गका होलसेल व्यवसायीले सिधै चीन, थाईल्याण्ड र भारतबाट सामान ल्याएर बेच्ने भएका छन् । यसअघि काठमाडौंबाट सामान ल्याएर होलसेल व्यापार गर्दै आएका चिप्लेढुंगादेखि गैह्रापाटनसम्म फैलिएको सर्वेश्वर मार्गका होलसेल व्यवसायीले अबदेखि चीन, थाईल्याण्ड र भारतबाट सिधै सामान ल्याएर बेच्न लागेका हुन् । काठमाडौंबाट सामान ल्याउँदा सामान जुध्ने र महंगो पर्ने हुँदा प्रतिष्पर्धात्मक बजारमा गाह्रो हुने भएकाले सिधै चीन, थाईल्याण्ड र भारतबाट सामान ल्याएर बेच्न लागिएको सर्वेश्वर व्यवसायी समितिका अध्यक्ष तुल थापा (राजन)ले जानकारी दिए । विगत १० वर्ष अघिदेखि नै त्यहाँका केहि व्यवसायीले विदेशबाट सिधै सामान ल्याएर बेच्ने गरेपनि अहिले अधिकांश होलसेल व्यवसायीले सिधै ती देशबाट सामान ल्याएर बेच्न लागेको उनले बताए ।

चीन, थाईल्याण्ड र भारतका बाट सिधै सामान ल्याउँदा सस्तोमा सामान आउने र ग्राहकलाईपनि सस्तोमा सामान दिन सकिने भएकाले काठमाडौंको सट्टा




सिधै ती देशबाट सामान ल्याएर बेच्न लागिएको उनको भनाई छ । ‘ती देशबाट सिधै ल्याउँदा सामानपनि गुणस्तरीय, फरक/फरक आईटम, रोजेरपनि ल्याउन पाइने हुँदा सामानपनि राम्रो र सस्तोपनि हुन्छ ।’ उनले अबदेखि नेपालमा उत्पादन हुने सामानहरुपनि सिधै उद्योगबाटै खरिद गरेर ल्याईने जानकारी दिए । यसले गुणस्तर कायम गर्न र मूल्यपनि केहि कम पर्ने उनको भनाई छ । विदेशबाट सिधै सामान ल्याउने प्रयास स्वरुप सर्वेश्वर मार्गका एक दर्जन भन्दा बढीको टोली आज त्यसतर्फ प्रस्थान गर्न लागेको अध्यक्ष थापाले जानकारी दिए । यसअघि पुसको मध्यतिर दुई दर्जन जनाको टोली चीन गएर सामान ल्याएको थियो । आज फेरी अर्को टोली सामान लिन शनिबार राती चीनतर्फ जान लागेको अध्यक्ष थापाले बताए । तीन चरणमा गरेर चार/पाँच दर्जन जनाको टोली चीन गएर सामान ल्याउने कार्यक्रम रहेको समितिका बरिष्ठ उपाध्यक्ष छविलाल गौतमले बताए । दोश्रो टोली आज राती ११:५५ बजेको फ्लाईटमा सामान लिन चीन जान लागेको उनले बताए । टोलिमा फेन्सी, कस्मेटिक, जुत्ता, चप्पल तथा ब्रा पेन्टीका होलसेल व्यवसाय गर्ने व्यवसायीहरु रहेको उनले जानकारी दिए । उनका अनुसार यो टोलीले चीनको ग्वाञ्झाओ, फुजियान र ईयू पुगेर सामान खरिद गर्नेछ । तेश्रो टोली भने मार्चको पहिलो हप्ता सामान लिन चीन जाने उनले जानकारी दिए । होलसेल तथा खुद्रा दुबै व्यापार हुने सर्वेश्वर मार्गमा स्याङ्जा, वालिङ, तनहुँ, लमजुङ, पर्वत, बागलुङ, म्याग्दीदेखि मनाङ र मुस्ताङ तथा पूर्वी रुकुम र पश्चिम रुकुम सम्मका खुद्रा व्यापारी ग्राहकका रुपमा आउने गरेको समितिका महासचिव विशाल अधिकारीले जानकारी दिए ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# इन्जिनियरिङ क्षेत्रको समस्या र समाधान

ईन्जिनियरिङ्गको महत्व पौराणिककालदेखि नै रहि आएको छ। उतिवेला प्राकृतिक संरचना बाहेक भौतिक निर्माणकर्ता भनेर विश्वकर्मा वावा अर्थात भगवान भनेर आदरपूर्वक पूजा र सम्मान गरिन्थ्यो । मानिसको दैनिक जीवनमा आइपर्ने हरेक समस्या, चुनौती र असुविधा पन्छाउदै सुख, समृद्धि र सुविधा प्राप्तिका लागि ईन्जिनियरिङ्गको विशेष महत्व छ । कुसल इन्जिनियर र ईन्जिनियरिङ्ग विना सुन्दर संसारको परिकल्पना गर्न सकिदैन । विज्ञान र प्रविधिको क्षेत्रमा भौतिक शास्त्रको निकै महत्व रहेको छ। अहिले विश्वस्तरमा हेर्ने हो भने विकसित मुलुकदेखि अल्प विकसित मुलुकहरुका इन्जिनियरिंग क्षेत्रमा माथिल्लो ओहदामा पनि नेपाली इन्जिनियरहरुलाई देख्न सकिन्छ । नेपालमा केहि बर्ष यता बिभिन्न विधामा इन्जिनियरहरु उत्पादन भई रहेको छ।

नेपालमा इन्जिनियरिङ क्षेत्रको आज भन्दा करिब १५ बर्ष अगाडीको अवस्था हेर्ने हो भने विकास निर्माणको कामहरु मात्र बढी हुने र नेपाल आफैमा अल्पविकसित मुलुक भएकाले सिभिल इन्जिनियर र आर्किटेक्टहरुलाई विशेष प्राथमिकतामा राखिन्थ्यो । विश्वविद्यालय र संस्थानले पनि विभिन्न विद्यामा विद्यार्थीहरु उत्पादन गरिरहेका छन् भने सबै विधाका इन्जिनियर हरुले सिभिल इन्जिनियर र आर्किटेक्ट जत्तिकै प्राथमिकता पाएका छन् ।अहिलेको अवस्था हेर्ने हो भने साधारण मात्र नभई विषयगत हिसाबले इन्जिनियरहरु अगाडि बढिरहेको पाइन्छ जसलाई राम्रो संकेत मान्न सकिन्छ ।

इन्जिनियरहरुको हक हितका लड्ने तथा उनीहरुको कार्यक्षेमता पनि बढाउने हेतुका साथ १९६२ मा स्थापित सस्था नेपाल इन्जिनियर्स एसोसिएसनले विभिन्न सकारात्मक काम हरु गर्दै आईरहेको छ । यस सस्थाबाट धेरै इन्जिनियर हरुले लाभ लिई रहेका छन र आफ्नो सीप र कार्यक्षेमतालाई अघि बढाएर उद्यमशील बन्ने तिर पनि अग्रसर भई रहेको पाईन्छ । देशमा विकासका लहरहरु आउने, प्रविधिमा विकास हुने, अनुसन्धानका कार्यहरु हुने भने इन्जिनियरहरुले नेपालमै बसेर केही गर्न सक्छन्। रोजगारीका लागि मात्रै भनेर प्राविधिक जनशक्ति विदेशनु नै पर्छ भन्ने छैन ।

पछिल्लो समय इन्जिनियरिङ पढाइ तिर पनि बिधार्थी को आकर्षण घट्दो अवस्थामा रहेको आकडा विभिन्न मिडिया मार्फत आईरहदा के कति कारणले यो अवस्था सिर्जना भईरहेको छ भन्ने विषयमा नेपाल सरकारले उचित ध्यान दिनु पर्ने बेला आएको छ । स्वदेशमै उचित रोजगारीको अवस्था सृजना हुन नसक्नु र रोजगार पाएकाको पनि उचित श्रम को मुल्यांकन हुन नसक्नु ले पनि पछिल्लो समयमा यस क्षेत्र तर्फ युवाको आकर्षण घट्नु को मुख्य कारण हो । प्राबिधिक क्षेत्रमा चाहिने उचित प्राबिधिक शिक्षामा सुधार तथा राज्य बाटै अपहेलित हुने खालका काम हुनुले पनि यस क्षेत्रमा आकर्षण घट्दो क्रममा रहेको हो । यस्ता समस्या र समाधानलाई अझै पनि बेवास्था गर्ने र गराउने हो भने इन्जिनियरिङ क्षेत्र अझै विकाराल स्थितिमा पुग्न सक्छ। त्यसैले राज्य र इन्जिनियर संग सम्बन्धित निकायहरुले यो स्थितिलाई न्यूनीकरण गर्नको लागि विभिन्न उपाएहरु अपनाउनु पर्ने जरुरि देखिन्छ। इन्जिनिनियर पास पछि पर्याप्त कामका साथै फिल्डको व्यवस्था गरिएमा यो क्षेत्रमा अझै दक्ष इन्जिनिनियरहरु हुन्थे ।

प्राविधिक को मनोबल उच्च राख्न प्राबिधिक जनशक्ति बढी हुने कार्यलयमा इन्जिनियर नै प्रमुख हुने वातावरण सिर्जना गर्नु पर्दछ तथा सरकारी कार्यालयमा काम गर्दा कार्यलयबाट हुने गरेको अनावश्यक झन्झट लाई अन्त्य गरिनुपर्दछ जुन कुराले इन्जिनियर को मनोबल उच्च हुनु को साथै यस क्षेत्रमा अझै लाग्न प्रेरित हुने थियो । साथ साथै इन्जिनियरिङ पेशामा मौलाउदो विकृतिलाई कम गर्दै आफ्नो पेशाको गौरव कायम राख्नका लागि पूर्ण आचारसंहिता पालना गर्नु अहिलेका नयाँ पुस्ताको जिम्मेवारी र परम कर्तव्य पनि हो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाव | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कृत्रिम तालको बाँध निर्माण थालियो

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ फागुन

तनहुँको व्यास नगरपालिका-१० दुम्सीचौरमा नारेश्वर ताल निर्माणको काम थालिएको छ । कृत्रिम ताल निर्माणका लागि बाँधको भित्तो काट्ने काम सुरु भएको हो ।

व्यासनगरपालिकार गण्डकी प्रदेश सरकारको साझेदारीमा निर्माण हुन लागेको उक्त कृत्रिम तालको बाँध निर्माणअन्तर्गत भित्तो काट्ने कार्यको सुरुआत गरिएको छ । पर्यटन, कृषि र रोजगारीलाई जोड्ने उद्देश्यका साथ नारेश्वर ताल निर्माण गर्न लागिएको नगर प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । कृत्रिम ताल सिचाइँ, मत्स्यपालनका साथै पर्यटनमार्फत आयआर्जन गर्ने लक्ष्य छ । ताल निर्माणका लागि चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको ताल संरक्षण प्राधिकरणमार्फत रु दश लाख, व्यास नगरपालिकाबाट रु ५० लाख र गण्डकी प्रदेश सरकारबाट रु एक करोड ५० लाख विनियोजन भएको छ । ताल निर्माणका लागि जिएस निर्माण सेवासँग रु एक करोड ८४ लाखमा आव २०७९/८० असारमा ठेक्का सम्झौता भएको इन्जिनियर जगन्नाथ चापागाईले जानकारी दिनुभयो ।इन्जिनियर जगन्नाथ चापागाईले उहाँले भन्नुभयो, "सम्झौताअनुसार एक वर्षमा निर्माण सम्पन्न गर्नुपर्ने हो । तर, सर्भेका कारण ढिलाइ भयो । भर्खर मात्र ताल निर्माणका लागि कटिङको काम सुरु गरेका छौँ", उहाँले बताउनुभयो । उहाँका अनुसार आव २०८०/८१ को असार मसान्तमा कृत्रिम ताल निर्माण सम्पन्न हुनेछ । नगरपालिकाले ताल निर्माणका लागि करिब २५ रोपनी जग्गा अधिग्रहण गरेको छ। आन्तरिक एवं बाह्य पर्यटकलाई जलविहार गराउने उद्देश्यले ताल निर्माण गर्न लागिएको नगर प्रमुख न्यौपानेले बताउनुभयो । उहाँका अनुसार ताल निर्माणका लागि दुम्सीचौर क्षेत्रका २० परिवारको जग्गा अधिग्रहण गरिएको छ । सो वापत उनीहरूलाई रु एक करोड ३७ लाख ६० हजार वितरण गरिएको छ । उपभोक्ताको २५ र ऐलानी जग्गा करिब २० रोपनी गरी कूल ४५ रोपनी क्षेत्रफलमा ताल निर्माण गर्न गरिनेछ । देवीडाँडा पर्यटन प्रवर्द्धन विकास समिति र नारेश्वर ताल पर्यटन प्रवर्द्धन विकास समिति बनाएर वडालाई कृषि एग्रो पर्यटकीय क्षेत्र बनाउन लागिएको छ । पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक पर्यटकीयस्थल देवीडाँडामा वनभोजस्थल र भ्यू टावर निर्माण गरेर फूलैफूलको बगैँचा बनाउने योजना बनाइएको छ । उक्त स्थानबाट सिधै फुड ट्याक बनाएर खहरेस्थित छाङ्गा बाराही मन्दिर जोड्ने लक्ष्य छ।

व्यास मार्ग हुँदै पर्यटक छाङ्गा बाराही मन्दिरको अवलोकनपश्चात् निर्माण गरिएको सिँढी चढ्दै देवीडाँडा पुग्न सकिनेछ । देवीडाँडामा निर्माण गरिएको भ्यू टावरबाट दृश्यावलोकनपश्चात् दुम्सीचौरस्थित कालिका मन्दिरको दर्शन गरी थालीडाँडा घरबास (होमस्टे)मा पुगेर बास बस्ने व्यवस्था मिलाइने छ । यहाँबाट बन्दीपुर, दमौली, फराकचौर, गजौडे, मादी, दरबार, मिर्लुङकोट, क्यामिनकोट, मानुङकोट र गलेखामकोटलगायत स्थानको अवलोकन गर्न सकिन्छ ।

नारेश्वर तालमा जलविहार गराई तालघरे मार्ग हुँदै पृथ्वी राजमार्गमा पुगेर पर्यटक गन्तव्यमा पुग्न सक्नेछन् । तालमा डुङ्गा चलाउने, तालको दायाँबायाँ कटेज तथा फुड ट्याकलगायतका संरचना निर्माण गरिनेछ । नारेश्वर खोलाको पानी थुनेर ताल निर्माण गरिनेछ । तालको तीन सय मिटर लम्बाई र चौडाई ४० देखि ७० मिटर रहने छ । तालको गहिराइ दुई दशमलव पाँचदेखि तीन मिटर हुनेछ । आठ मिटर उचाइको बाँध बाँधिने इन्जिनियर चापागाईले बताउनुभयो । तालमा ३० हजार घनमिटरसम्म पानी संकलन गर्न सकिनेछ । स्थानीय पदम दरैले ताल निर्माण भएपछि पर्यटकको आगमन बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, "ताल निर्माणले पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा टेवा पुग्नेछ ।" स्थानीयलाई आयआर्जनसँग जोड्ने लक्ष्यका साथ ताल निर्माण थालिएको हो ।


# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ५ बिस्कुट फ्याक्ट्री पछाडि बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः बिस्कुट फ्याक्ट्री पछाडि बाटो निर्माण
ठेगानाः पोखरा-५
योजना सुरु हुने मितिः २०८०/०९/२० गते
योजना सम्पन्न हुने मितिः २०८०/११/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/११/०८ गते
योजनाको कुल लागतः रु. ११,८७,०३३।-
महानगरपालिकाबाटः रु. १०,००,०००/-
जनसहभागिताबाटः रु.१,८७,०३२।५०
अध्यक्षः भोजलाल पौडेल सम्पर्क नं.: ९८०४१०८९१८
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**बिस्कुट फ्याक्ट्री पछाडि बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-५, कास्की**


# माउण्ट अन्नपूर्ण माविको ४५ औं अभिभावक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



माउण्ट अन्नपूर्ण मा वि को ४५ औ अभिभावक दिवस सम्पन्न पोखरा, नदीपुरमा रहेको माउण्ट अन्नपूर्ण मावि मा ४५ औ अभिभावक दिवस सम्पन्न भएको छ।

पर्यटन व्यवसायी, कर्ण सकारात्मक सोचका संस्थापक, फोरेस्टर तथा लेखक कार्ण शाक्यको प्रमुख आतिथ्यतामा समन्न उक्त कार्यक्रममा कक्षा प्रिनर्सरी देखि १२ सम्मका विद्यार्थीहरुले विभिन्न सास्कृतिक कार्यक्रका साथै एकाँकी नाटक समेत प्रस्तु गरेका थिए । विद्यालयले नियमित प्रशिक्षण गराउने ताइक्वांडो खेलको परिस्कृत डेमो पनि विद्यार्थी खेलाडीहरुले प्रस्तुत गरेका थिए । अबेकसको सहायताबाट कसरी ठुला ठुला जोड घटाउलाई व्यवहारिक रुपमा सहजै प्रयोग गर्न सकिन्छ भनेर ससाना कक्षाका विद्यार्थीहरुले रमाइलो पाराले प्रस्तुत गरेका थिए। यसका साथै विभिन्न विग्यान तथा कला सम्बन्धित प्रदर्शनी पनि राखिएको थियो । प्रमुख अतिथि कर्ण शाक्यले अन्नपूर्ण यस क्षेत्रकै पहिलो निजी विद्यालय भएको कारण अभिभावकको अपेक्षा ठुलो हुन सक्ने भएता पनि विद्यालयले त्येस मुताबिक राम्रो उपलब्धि हाँसिल गरेको जानकारी आफुले प्राप्त गरेको बताए। उहाँले युवाहरु पढन र सिक्न विदेश जानेहो त्येस पछि आफ्नै देश फर्केर सम्भावनाको पहिचान गरी यहीँ काम गर्नुपर्छ भन्नु भयो । प्याब्सनका अध्यक्ष मथुरा प्रसाद पौडेलले माउण्ट अन्नपूर्ण विद्यालयले शैक्षिक क्षेत्रमा खेलेको भूमिकाको प्रशंसा गर्नु भयो । विद्यालयका प्राचार्य सइन्द्र श्रेष्ठले वार्षिक प्रतिवेदन सहित आगामी दिनहरुमा विद्यालयको लक्ष्य बमोजिम शैक्षिक गुणस्तरलाई अझ व्यबहारिक मूलक बनाउदै लानको लागि कटिवद्द रहेको बताए। कार्यक्रममा स्वागत मन्तव्य विद्यालयका शिक्षा डाइरेक्टर अशोक शाहीले गर्नु भएको थियो भने कक्षा ९ की छात्रा त्रिप्सिका गुरुङले अभिभावकको भूमिकाको महत्ववारे बोलेकि थिइन । कार्यक्रममा १५ वर्ष भन्दा बढी सेवा गरेका शिक्षक कर्मचारीलाई सम्मान गरिएको थियो । कार्यक्रमको समापन गर्दै विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष सूरज प्रकाश प्रधानाङ्गले विद्यालयलाई हरेक तह र तप्काको पहुँचमा राखेर युग सुहाउदो शिक्षण पद्दित विद्यालयले अपनाउने बताए । कार्यक्रमको संचालन शिक्षिका लक्ष्मी थापाले गरेकि थिइन ।

# हिउँमा खेल्दै पढ्दै

**रासस**
मनाङ, १२ फागुन



मनाङमा हिउँद लागेसँगै बिदा भएका विद्यालय खुल्न थालेका छन् । जाडो बढेसँगै बन्द भएका मनाङका विद्यालय फागुनदेखि खुल्न थालेको शिक्षा तथा समन्वय एकाइ मनाङले जनाएको छ ।

विद्यालय खुलेसँगै हिमपात भएपछि विद्यार्थी हिउँसँगै पढ्दै आएको शिक्षा तथा समन्वय एकाइ मनाङका प्रमुख मतिलाल चपाईंले बताउनुभयो । उहाँका अनुसार विशेष गरी माध्यमिक शिक्षा परीक्षा (एसइई)लाई मध्यनजर गरी मनाङका तीन विद्यालय खुलिसकेका छन्। उहाँले भन्नुभयो, "एसइईका लागि विद्यालय खुलाइसकेका छौँ । बिदा लम्बिँदा विद्यार्थीलाई समस्या हुन्छ। यसलाई मध्यनजर गरेका छौँ ।"

उहाँले नार्सो गाउँपालिका-५ थोचेस्थित प्रकाशज्योति आवासीय माध्यमिक विद्यालय फागुन १ गतेदेखि खुलेको जानकारी दिनुभयो। चामे गाउँपालिका-१ तिमाङस्थित गौरीशङ्कर माध्यमिक विद्यालय माघ २३ देखि र चामे-४ चामेस्थित लोकप्रिय माध्यमिक विद्यालय माघ २८ गतेदेखि पठनपाठन सुरु भएको उहाँको भनाइ छ । यस वर्ष मनाङबाट प्रकाशज्योतिका १९, लोकप्रियका १७, अन्नपूर्ण माविका एक र लोकप्रिय माविबाट (खुला) तीन गरी ४० विद्यार्थी एसइई परीक्षामा सहभागी हुने प्रमुख चपाईंले बताउनुभयो । मनाङमा चारवटा मात्रै माध्यमिक विद्यालय छन् ।

यस वर्षको एसइई परीक्षालाई मध्यनजर गरी जाडो भए पनि विद्यालय छिटो खुलाइएको प्रकाशज्योति माविका प्रधानाध्यापक पद्मराज पन्थीले बताउनुभयो । उहाँले भन्नुभयो, "एसइई परीक्षा दिने विद्यार्थीको पठनपाठनलाई लक्षित गरी विद्यालय चाँडै खुलाएका हौँ । चिसो भए पनि विद्यार्थीलाई पठनपाठनमा प्रभाव पर्नसक्ने विषयलाई मध्यनजर गरेका छौँ ।" जाडो बिदाका समयमा पनि लमजुङको च्याम्चेमा विद्यार्थीको घरमै पठनपाठन गराइएको उहाँले बताउनुभयो ।

प्रधानाध्यापक पन्थीले भन्नुभयो, "आवासीय विद्यालय भएकाले लमजुङका बच्चा पनि मनाङमा पढ्न आउँछन् । मनाङको सिमानामै पर्ने च्याम्चेका केही विद्यार्थी हाम्रैमा पढ्छन् । जाडो बिदाका समयमा च्याम्चेमा घर खोजेर पढायौँ । एसइई परीक्षालाई विशेषरुपमा लिइने हुँदा हामी पनि लागिरहेका छौँ । विद्यार्थी उत्कृष्ट र सहभागी सबै विद्यार्थी उत्तीर्ण हुँदा हाम्रो गौरव बढ्नेछ ।"

वार्षिक परीक्षा पनि आइसकेको र पठनपाठनमा लाग्नुपर्ने भएकाले बिहान दुई घण्टा र बेलुका दुई घण्टा तालिका बनाएर विज्ञान, गणित, अङ्ग्रेजी र ऐच्छिक गणित पढाउने गरेको प्रअ पन्थीले बताउनुभयो । एसइईका विद्यार्थी पठनपाठनमा व्यस्त हुने र साना बालबालिका हिउँमा खेल्दै पढ्ने गरेको उहाँको भनाइ छ । आवासीय विद्यालय भएकाले समय व्यवस्थापनमा समस्या नभएको उहाँले बताउनुभयो । पालिकाले रु ५० लाख वार्षिक बजेट छुट्याएर विद्यालयलाई सहयोग गर्दै आइरहेको छ । आवासीय विद्यालय भएकाले प्रतिविद्यार्थी रु एक हजार पाँच सय मासिक शुल्क भने लिने गरेको उहाँले बताउनुभयो । यसका अतिरिक्त १२ जना विद्यार्थीलाई निःशुल्क आवासीय सुविधा उपलब्ध गराएको विद्यालयले जनाएको छ । सञ्चालनमा नआएका विद्यालयका शिक्षकलाई काजमा ल्याएर पठनपाठन गरिरहेको पन्थीले जानकारी दिनुभयो ।

मनाङका अन्य विद्यालय फागुन १५ पछि मात्रै खुल्नेछन् भने नार्पाभूमि गाउँपालिकाका विद्यार्थीको पठनपाठन काठमाडौँ सञ्चालन भइरहेको छ । वार्षिक परीक्षा सकाएर नतिजा प्रकाशन गरी नयाँ शैक्षिकसत्रका लागि वैशाखमा सञ्चालन गरिने नार्पाभूमि गाउँपालिकाका शिक्षा शाखा प्रमुख मनिषा विकले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "एक त विकट छ । सदरमुकामबाटै जान दुई दिन लाग्छ । सडक सञ्जाल पुगेको छैन भने अर्कोतर्फ यहाँ अहिले बाक्लो हिउँ छ । चिसो अत्यधिक भएकाले गाउँ फर्किने अवस्था छैन । त्यसैले यहीँ चालु शैक्षिकसत्र सकाएर मात्रै फर्कन्छौँ । यसले विद्यार्थीलाई पनि सहज भएको छ ।"

गौरीशङ्कर मावि कक्षा ७ मा अध्ययनरत विद्यार्थी छुपी गुरुङ हिउँसँग खेल्दै पढ्न पाउँदा खुसी लागेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "हिउँ परे पनि रमाइलो गरी खेल्दै पढ्न पाएका छौँ ।"

मौसम चिसो भए पनि हिउँ खेल्दै पढ्न पाएको कक्षा ८ मा अध्ययनरत विवेक गुरुङले बताउनुभयो । ढिलागरी परेको हिमपातले चिसो बढे पनि विद्यार्थी शिक्षाबाट प्रभावित हुन नदिने गरी विद्यालयमा पठनपाठन भने सञ्चालन गरिएको छ ।

# बजेट अभावमा रोकिए तीन जिल्लाका चार सडक

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ फागुन

तीन जिल्लाका चार ठूला सडक बजेट अभावका कारण निर्माण रोकिएको छन् । सङ्घीय सरकारअन्तर्गत २०७९ सालमा सुरु भएका बागलुङका दुई, म्याग्दीको एक र मुस्ताङको एक गरी चारवटा ठूला सडकको काम अहिले रोकिएको हो ।

सडक डिभिजन कार्यालय बागलुङको कार्यक्षेत्रमा रहेका तीन जिल्लाका चार ठूला सडक कालोपत्र गर्ने योजना बजेट अभावमा रोकिएको कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर अमर अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार चार सडक रु एक अर्ब १९ करोड ९२ लाख ९३ हजारमा निर्माण भइरहेकामा अर्थमन्त्रालयले बजेट नपठाउँदा यस वर्ष काम हुन सकेको छैन । चार सडकलाई चालू आर्थिक वर्षमा रु एक करोडका दरले रु चार करोड मात्रै बजेट विनियोजन भएकाले रकम अभाव भएको अधिकारीको भनाइ थियो । बागलुङ क्षेत्र नं १ को र म्याग्दीमा निर्माण भइरहेका सडकको रु सात करोड १२ लाख ४७ हजार रकम भुक्तानी गर्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो । उक्त चार सडक निर्माणका लागि रु एक अर्ब १९ करोड बजेट आवश्यक पर्नेमा चालू आवमा रु चार करोड मात्रै बजेट विनियोजन भएकाले समस्या भएको भन्दै इञ्जिनियर अधिकारीले पटकपटक अर्थमन्त्रालयमा बजेट थप गर्न अनुरोध गरिएको जानकारी दिनुभयो । 'एक निर्वाचन क्षेत्र, एक रणनैतिक सडक' कार्यक्रमअन्तर्गत बागलुङ क्षेत्र नं १ स्थित बागलुङ बजार अदालतदेखि चौपारी-सिगाना-चापाखर्क-गाजाको दह हुँदै बरेङ शान्तिपुर जोड्ने सडकको गत वर्ष ४८ प्रतिशत भौतिक प्रगति भए पनि दायित्व भुक्तानी नपाएपछि निर्माण व्यवसायीले यस वर्ष काम गर्न सकेको छैन । दश किमी कालोपत्र गर्न रु २९ करोड ३७ लाख ८८ हजारमा सम्झौता भएको थियो । निर्माणको जिम्मा पाएको कर्ण बिल्डर्सले सुरुमा कामलाई तीव्रता दिए पनि भुक्तानी नपाएपछि काम गर्न समस्या भइरहेको निर्माण कम्पनीका प्रतिनिधि सन्दीप श्रेष्ठले बताउनुभयो । "गत वर्षको रु तीन करोड ३१ लाख तीन हजार भुक्तानी पाउन बाँकी छ । चालू आवमा जम्मा रु एक करोड बजेट विनियोजन भएपछि काममा फर्कन समस्या भएको हो", उहाँले भन्नुभयो । श्रेष्ठले दायित्व भुक्तानी हुनासाथ काममा फर्कन बताउँदै बजेट थप्न आग्रह गर्नुभयो । बागलुङ क्षेत्र नं २ अन्तर्गत हरिचौर बजारबाट मल्म, पाण्डवखानी-रमुवा-रणसिंह किटेनी हुँदै निसीखोलाबाट प्यूठान जोड्ने सडक विसं २०७९ मा रु २५ करोड २० लाखमा सम्झौता भएको थियो । उक्त सडकका लागि रु एक करोड बजेट विनियोजन भएपछि काम रोकिएको हो । यस खण्डको १८ प्रतिशत मात्रै भौतिक प्रगती भएको छ । एक वर्षमा रु २५ करोडको सडकमा रु एक करोड बजटले काम गर्न समस्या भएको गलकोट नगरपालिका-७ मल्मका वडाध्यक्ष राज थापाले बताउनुभयो । म्याग्दी जिल्लाको रत्नेचौर-ज्यामरुककोट, झकिम्लि हुँदै बराङ्जा जाने सडकको पूर्वाधार निर्माण सकिएपनि बजेट अभावमा कालोपत्र हुन सकेको छैन । हालसम्म ४५ प्रतिशत भौतिक प्रगति गरेको उक्त सडकको निर्माण व्यवसायीलाई गत वर्षको रु तीन करोड ८१ लाख ४४ हजार भुक्तानी दिन बाँकी छ । मुस्ताङको रणनीतिक सडकअन्तर्गत पर्ने लेतेस्थित थासाङ गाउँपालिका-२, ३, ४ र ५ मा पर्ने छ्यो-कुन्जे-टिटी-धम्पु हुँदै कोखेटाटी पुग्ने सडकमा बजेट अभावका कारण काम प्रभावित बनेको छ ।

तीन वर्षमा कालोपत्र गर्नेगरी रु ३८ करोड ८८ लाख ६१ हजारमा निर्माण व्यवसायीसँग सम्झौता भएको उक्त खण्डको हालसम्म २२ प्रतिशत भौतिक प्रगति भएको सडक डिभिजन कार्यालयले जनाएको छ । उक्त सडकमा गत वर्षको भुक्तानी दायित्व नरहे पनि चालू आवमा विनियोजन भएको रु एक करोडले काम गर्न समस्या भएको निर्माण कम्पनीको भनाइ छ । रु ३८ करोडको सडक निर्माणका लागि एक वर्षमा रु एक करोड मात्र बजेट आउँदा काम गर्न नसकिएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख अनुक्षा घिमिरेले अर्थमन्त्रालयले आवश्यक बजेट नपठाउँदा काम गर्न समस्या भइरहेको बताउनुभयो । उहाँले तीन जिल्लाका चार ठूला सडकको कालोपत्रको काम सुरु गर्ने समयमा बजेट कटौती हुँदा निर्माण व्यवसायीले काम छोडेर हिडेका बताउनुभयो । "ठूला सडक सिगाना र रत्नेचौरको कामको प्रगति सम्झौता अघिनै सक्नेगरी अघि बढेको थियो । गत असारमा बजेट कटौती भएर भुक्तानी गर्न सकिएन । यो वर्ष भुक्तानीका लागि पर्याप्त बजेट छैन", घिमिरेले भन्नुभयो, "अर्थमन्त्रालयमा बजेट थप गर्नका लागि समन्वय भइरहेको छ । हालसम्म बजेट थप नभएको अवस्थामा यो वर्ष चार वटै सडकमा काम नहुने देखिएको छ ।"

# विकास र सुविधाले पनि रोकिएन बसाइँसराइ

**रासस**
म्याग्दी, १२ फागुन



घर अगाडीको सडकमा सवारी साधन गुडीरहन्छन् । सवारी साधनमा मानिस कम र खाद्यान्नलगायत अन्य उपभोग्य र निर्माण सामग्री बढी हुन्छन् । सडकबाट धेरै जसो घरमा ताल्चा लगाइएको र घरवरिपरि वनमाराको झाडी देखिन्छ ।

यो दृश्य पश्चिम म्याग्दीको मालिका गाउँपालिका-६ मा पर्ने दिच्याम गाउँको हो । यहाँका दिच्याम, निस्कोट, रुम, देविस्थानलगायत गाउँमा हिजोआज यस्तो दृश्य देखिन थालेको छ । करिब डेढ दशक अघिसम्म म्याग्दीका यी गाउँहरू रमाइला दखिन्थ्ये । गाउँघरमा वरपर, तल-माथि बस्ती बाक्लो थियो । सबै घरमा मानिस भरिभराउ हुन्थे । चाडपर्वमा गाउँमा छुट्टै रौनक र उल्लासमय वातावरण हुने गर्दथ्यो । साथीभाइको ठूलो जमघट हुने गर्दथ्यो । दसैं तथा विभिन्न मेलामहोत्सवमा गाउँ भरिभराउ देखिन्थ्यो । तर अहिले अवस्था फेरिएको छ । ढुङ्गा र खरले छाएका, रातोमाटो र सेतो कमेरोलो पोतिएका चिटिक्कका घरहरू भत्किएर खण्डहरमा परिणत भएका छन् । फराकिलो आँगनमा पाती र बनमारा उम्रिएको छ । करेसाबारी स्याल र बाँदर लुक्ने झाडी बनेका छन् । घर नजिकै अमिलो, अम्बा, कागती र सुन्तलाका बोटहरू मलजल र स्याहार नपाएर सुक्न थालेका छन् । हिजोआज गाउँको स्वरुप बिग्रिएको छ । रमाइला गाउँहरू अहिले उराठिला बन्दै जान थालेका छन् । मलिका-६ का टेकबहादुर सिउथानीले भन्नुभयो, "संघीयताको मर्म अनुसार विकेन्द्रिकरणको नीति गाउँमा पुगेको छ । विकासका कारण विकट गाउँ सुगम बनेका छन् । पहरा फोरेर बनाइएका सडक हुँदै गाउँमा गाडी गुडेका छन् । सहरबजारका भन्दा पूर्वाधार सम्पन्न विद्यालयहरू गाउँमा ठडिएका छन् । स्वास्थ्यचौकी गाउँमै छन् । सञ्चारको सुविधा पुगेको छ । तर पनि गाउँमा बस्ने मानिसहरू घट्दै गएका छन् ।"

विकास थपिँदै गएपनि गाउँमा बस्ने मानिसहरू घट्दै गएका मङ्गला गाउँपालिका-५ का विकल सेनले बताउनुभयो । गाउँमा सुविधाको कमी छैन । अवसर पनि प्रशस्तै छन् भन्दै गाउँका मानिस बढी महत्काङ्क्षी बन्दै गएपछि सहर केन्द्रित हुँदै गएको उहाँको भनाइ थियो । "घरघरमा चौविसैं घण्टा पानी आउने धारा छन् । वरिपरि उर्वर खेतबारी छ । विद्यालय पाँच मिनेटमा पुग्न सकिन्छ । स्वास्थ्यचौकी गाउँमै छ । गाडी बस्तीबस्तीमा पुग्छ । सूचना प्रविधिका कारण विश्वको जुनसुकै कुनामा रहेका आफन्तसँग हरेक क्षण सम्पर्कमा रहन सकिन्छ", सेनले भन्नुभयो, "यी सबै सुविधाहरू गाउँमा हुँदाहुँदै पनि गाउँहरू खाली हुँदै जानु विडम्बना हो ।" विसं २०६८ मा एक घर परिवार भित्र चार दशमलव शून्य नौ जनाको परिवार रहेकामा केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ को नतिजामा तीन दशमलव ६७ जना मात्र बस्ने गरेको देखिन्छ । ग्रामिण क्षेत्रबाट सुविधाको खोजीमा बाहिरिनेको सङ्ख्या उकालो लागेको जनगणना कार्यालय म्याग्दीले जनाएको छ । जिल्लास्थित जनगणना कार्यालयले सार्वजनिक गरेको एक तथ्याङ्क अनुसार भारत सहित तेस्रो मुलुकमा म्याग्दीबाट कुल विदेशिनेको सङ्ख्या १० हजार सात सय १३ रहेको छ । जसमा पुरुष आठ हजार आठ सय ४३ र महिला एक हजार आठ सय ७० रहेको छ ।

लैङ्गिक अनुपात ९५.८७, औसत परिवारको आकार ३.६७ र जनघनत्व ४७ रहेको छ । जिल्लाको कूल जनसङ्ख्याको घरपरिवारमा अनुपस्थित अर्थात प्रायः विदेशमा बसोबास गर्ने ०.४९ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीमा महिलाको तुलनामा पुरुषको सङ्ख्या अत्याधिक छ । पछिल्ला वर्षमा महिलासमेत तेस्रो राष्ट्रमा रोजगारीका लागि जाने प्रतिस्पर्धा भएकाले महिला र पुरुषको जनसङ्ख्याको अन्तर घट्दो रहेको जनाइएको छ । "अहिले गाउँको अवस्था मौसमी बनेको छ । चाडपर्व र प्राकृतिक विपत्तिमा मात्र सहर वा विदेशबाट मानिसहरू गाउँ फर्कने गर्दछन् । गाउँमा बसुन्जेलसम्म गाउँको विकास र राजनीतिको विषयमा निकै चिन्तित भएको देखाउँछन् । फर्केपछि गाउँलाई चटक्कै बिर्सन्छन्", बेनी नगरपालिकाका कृष्ण पौडेलले भन्नुभयो । सहर वा विदेशबाट निर्वाचनको समयमा गाउँ फर्केनेले गाउँको राजनीतिमा प्रत्यक्ष प्रभाव पार्ने उहाँको भनाइ थियो । सहर वा विदेश निर्वाचनका समयमा आउनेले गाउँमा रहेका आफन्त र सोझासाझा जनतालाई भ्रममा पर्ने गरेको अनुभव रहेको मङ्गला-४ का झकबहादुर विश्वकर्माले बताउनुभयो । "गाउँमा आपतविपद् पर्दा, कोही बिरामी भएर उपचार गराउन आर्थिक समस्या हुँदा, सहर र विदेशमा रहेका गाउँका व्यक्तिले सहयोग पनि गर्छन् । पढेलेखेका व्यक्ति गाउँमा आउँदा गाउँ रमाइलो हुन्छ । गाउँका विद्यालय, आमा समूह, युवा क्लाबलगायत सङ्घसंस्थालाई आर्थिक सहयोग पनि गर्छन्", उहाँले भन्नुभयो । बसाइँसराइका कारण ग्रामिण क्षेत्रका विद्यालयमा विद्यार्थीको सङ्ख्या पनि कमी हुँदै गएको छ । "युवाहरू विदेशमा छन् । अशक्त वृद्धवृद्धाको सेवा गर्नेको समेत कमी छ", रघुगङ्गा गाउँपालिका-६ का वडाध्यक्ष मनकुमार शेरपुञ्जाले भन्नुभयो । गाउँघरसँगै यहाँका विद्यालयमा पनि विद्यार्थीको कमी हुन थालेको उहाँको भनाइ थियो । म्याग्दीमा २०६८ सालको जनगणना अनुसार एक लाख १३ हजार ६४१ जना जनसङ्ख्या रहेकामा २०७८ को नतीजामा एक लाख सात हजार ३७२ जना उल्लेख गरिएको छ ।

# सुक्खा पहिरोले कालीगण्डकी करिडोर अवरुद्ध

**पोखरापत्र संवाददाता**
बलेवा, १२ फागुन

सुक्खा पहिरोका कारण गए रातिदेखि कालीगण्डकी करिडोरको बागलुङ-गुल्मी सडकखण्ड अवरुद्ध भएको छ । बागलुङ र गुल्मीको सिमानामा पर्ने बागलुङको जैमिनी नगरपालिका-८ बरालवाको भिरमा गए राति सुक्खा पहिरो खसेको हो ।

पहिरोले बागलुङ-गृल्मीखण्डअन्तर्गत मालढुङ्गा-अर्वेनी सडक पूर्णरुपमा अवरुद्ध भएको छ । बागलुङको मालढुङ्गादेखि गुल्मीको अर्वेनीसम्म ४४ किलोमिटर खण्ड कालोपत्रका लागि स्तरोन्नतिको काम भइरहेको छ । काम चलिरहेकै बेला गए राति पहिरो खसेपछि सडक अवरुद्ध भएको र काम रोकिएको कालोपत्रको काम गरिरहेको निर्माण कम्पनी कालिका कन्स्ट्रक्सनका इञ्जिनियर छकबहादुर गुरुङले जानकारी दिनुभयो । "दुवैतर्फबाट डोजर लगाउँदा पनि कम्तीमा एक साता पहिरो पन्छाउन लाग्छ", उहाँले भन्नुभयो, "ढुङ्गा खसिरहेकाले पन्छाउने काम गर्न सकिएको छैन ।" पहिरोको विषयमा कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पालाई जानकारी गराइएको उहाँले बताउनुभयो ।

सडक अवरुद्ध भएपछि लामो तथा छोटो दूरीका सवारीसाधन चल्न सकेका छैनन् । सदरमुकाम बागलुङ बजार, जैमिनी र बरेङ गाउँपालिकाबाट बुटवललगायतका ठाउँमा चल्ने सवारीसाधन बाटोमै रोकिएका छन् । भिरालो जमिन रहेको उक्त स्थानमा बेलाबेलामा सुक्खा पहिरो जाने गरेको छ ।

# छ महिनाभित्र ३४ वटा विमानस्थलमा निःशुल्क इन्टरनेट

**रासस**
काठमाडौं, १२ फागुन

नेपाल टेलिकमले छ महिनाभित्र ३४ वटा विमानस्थलमा निःशुल्क वाइफाइ इन्टरनेट सेवा उपलब्ध गराउने भएको छ ।

नेपाल टेलिकम र नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) बीच उक्त सेवा सञ्चालनका लागि सम्झौता भएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) प्रवक्ता तथा उपमहानिर्देशक जगन्नाथ निरौलाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "टेलिकम र नागरिक उड्डयन प्राधिकरणबीच ३४ विमानस्थलमा निःशुल्क वाइफाइ इन्टरनेट सेवा उपलब्ध गराउने सम्झौता भएको छ, अबको छ महिनाभित्रमा सबै विमानस्थलमा वाइफाइ इन्टरनेटको काम सकिनेछ ।"

नेपाल टेलिकमका प्रमुख व्यावसायिक अधिकृत विनिता श्रेष्ठ र क्यानका प्रवक्ता तथा उपमहानिर्देशक जगन्नाथ निरौलाले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको प्राधिकरणले जनाएको छ ।

# 'सीपमूलक, प्रतिस्पर्धी र नैतिक शिक्षा आवश्यक'

**रासस**
काठमाडौं, १२ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले शिक्षा नैतिकतायुक्त, व्यावसायिक, सीपमूलक र विश्वबजारमा प्रतिस्पर्धा गर्नसक्ने खालको हुनुपर्ने बताउनुभएको छ ।

द सनसाइन स्कुलको २७औं वार्षिकोत्सव तथा अभिभावक दिवसका अवसरमा पूर्वप्रधानमन्त्री समेत रहनुभएका अध्यक्ष नेपालले विद्यमान शिक्षा प्रणालीमा सुधार आवश्यक रहेको बताउनुहुँदै नैतिक र व्यावहारिक शिक्षामा जोड दिनुपर्ने धारणा राख्नुभयो ।

समाजको चरित्र निर्माण र समग्र मुलुकको विकासका लागि आवश्यकपर्ने दक्ष जनशक्ति उत्पादनका लागि शिक्षा क्षेत्रमा सुधार अपरिहार्य रहेको उहाँको भनाइ छ । त्यस्तै शिक्षा क्षेत्रलाई प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रका रुपमा मात्र राख्ने नभई समग्र मुलुकको जिम्मेवारीका रुपमा बुझ्नुपर्नेमा उहाँको जोड थियो । संविधानमा प्रत्याभूत गरिएका मौलिक हक कार्यान्वयनका सन्दर्भमा सबै तहका सरकार जिम्मेवार भएर लाग्नुपर्ने उहाँले बताउनुभयो । "नैतिक शिक्षा र सिर्जनात्मक कार्यले योग्य जनशक्ति निर्माणमा सहयोग गर्छ । शिक्षा क्षेत्रबाटै समाज रुपान्तरण सम्भव छ । गुणस्तरीय, सीपमूलक र नैतिक शिक्षाका लागि पाठ्यक्रम, विद्यालय र कक्षाकोठा मात्र नभई अविभावक पनि जिम्मेवार हुनुपर्छ", उहाँले भन्नुभयो । पुर्खाको योगदानलाई पछिल्लो पुस्ताले बिर्सन नहुने उहाँको भनाइ थियो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः १९८९/०९/१० गते

स्वर्गारोहणः २०८०/११/०१ गते

**स्व. पदम बहादुर प्रधान**

श्री श्री श्री भीमसेन सी गुठी, रानीपौवाका (गुठियार) भाइ पोखरा-११ रानीपौवा निवासी **पदम बहादुर प्रधान** यस धर्तीबाट ९१ वर्षको उमेरमा देशत्याग गरी ब्रम्हलीन हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

नायो : नन्दि कुमार पालिखे
तथा
**श्री श्री श्री भीमसेन सी गुठी परिवार**
रानीपौवा, पोखरा-११